कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसटोल, चितवन
बागमती प्रदेश, नेपाल

आ.व.०८०/०८१
च.न.

मिति २०८०/१०/२५

**विपन्न एकल महिलाहरुलाई सिप विकास तालिम र वस्तुगत टेवा कार्यक्रम सञ्चालन सम्वन्धी**

## सूचना ! सूचना ! ! सूचना ! ! !

कालिका नगरपालिकाको आ.व. २०८०/०८१को स्वीकृत कार्यक्रम अनुसार विपन्न एकल महिलाहरुलाई सिप विकास तालिम र तालिम पश्चात वस्तुगत टेवाको कार्यक्रम सञ्चालन रहेकोले लक्षित/ईच्छुक एकल महिलाहरुका लागि यो सूचना प्रकाशित भएको मितिले (१५ दिन) भित्र कालिका नगरपालिका महिला बालबालिका तथा समाजकल्याण उपशाखामा तोकिएको ढाचामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदन छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

आवश्यक कागजातहरुः

१. संलग्न ढाचाँ बमोजिमको निवेदन
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी -१
३. बाहिरी नागरिकताको हकमा विवाह दर्ता,वसाईसराईको प्रतिलिपी-१
३. पतिको मृत्युदर्ता/पतिको मृत्यु पश्चात अर्को विवाह नगरेको प्रमाणित प्रतिलिपी-१

चुडामणी शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइट र वडा कार्यालयमा सूचना प्रेशित गरिदिनु हुन।
नोटः निवेदनको ढाचाँ वडा कार्यालयहरुबाट, नगरपालिकाबाट उपलब्ध हुनेछ।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
Website: www.kalikamunchitwan.gov.np

[illegible]मणि शर्मा गौतम
प्रमुख प्रशासकिय अधिकृत

## विपन्न एकल महिलाहरुलाई सिप विकास तालिम र वस्तुगत टेवा कार्यक्रमको निवेदन ढाँचा

मिति २०८०/१०/

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका चितवन।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

म कालिका नगरपालिका वडा न........./..........................टोलमा वसोवास गर्ने व्यक्ति हु । मैले यस अगाडि नगरपालिकाबाट सञ्चालन गरिएको कुनै पनि तालिममा सहभागी भएको छैन। मेरो घरायसी आर्थिक अवस्था नाजुक भएको कारण दैनिक जीवनयापन गर्न सिप तालिम र वस्तुगत टेवा आवश्यकता भएकोले कालिका नगरपालिकाबाट मिति २०८०/१०/२५मा प्रकाशित सूचना बमोजिम **विपन्न एकल महिलाहरुलाई सिप विकास तालिम र वस्तुगत टेवा कार्यक्रम** लिन ईच्छुक रहेको र यस किसिमको तालिम लिई सकेपछि यहि पेशा अगालेर जीविकोपार्जन गर्ने प्रतिवध्दता साथ उक्त तालिममा सहभागी गरि दिनुहुन यो निवेदन पेश गरेको छु।

आवेदकः

१. नामथरः.................................................. सहि...............................
२. ना.प्र.न.......................................................
३. जारिमिति/जिल्ला.........................................
४. ठेगानाः कालिका नगरपालिका वडा न..............
५. उमेर.................
६. ईच्छाएको तालिमको नामः..............................................
६. सम्पर्क न.............................................

उपरोक्त निवेदकलाई निवेदन बमोज़िम विपन्न एकल महिलाको सिप विकास तालिम र वस्तुगत टेवा कार्यक्रम तालिममा सहभागी गराईदिनु हुन सिफारिस गरिन्छ।

वडा अध्यक्षको सहि छाप

बडा कार्यालयको छाप